**श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**

**गौरीगंगा न.पा. ८, कैलाली**

पत्र संख्या : २०८१/०८२

च.नं. ०२

**गोलिया काठ लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना ।**

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०५/१३)

शिवशक्ति सा.व.उ.स.गौरीगंगा न.पा ८ कैलालीको आ.व. २०८०/०८१ मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्दी भएको तपसिल वमोजिम लट र परिमाणको साल र अस्ना गोलिया काठ र साल र अस्ना दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना मिति **२०८१/०५/१३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले २१ (एककाईस) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र खरिद गरी २२ औ दिनमा दाखिला गर्न आब्हान गरिन्छ ।

**तपशिलः**

| लट नं. | १.वन पैदावारको विवरण | | | | | संकलन खर्च रु.प्रति क्यु.फिट/प्रति चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जात | ग्रेड | गोलिया थान | काठको परिमाण क्यु फिट | न्युनतम मुल्य | | |
| १ | साल गोलिया | ए | २ | ५०।०५ | ६२५६२।५० | १४०.०० | |
| १ | साल गोलिया | बि | ७ | ९२।४७ | ८३२२३।०० | | |
| २ | साल गोलिया | सि | ८ | ५४।२५ | ३२५५०।०० | | |
| | जम्मा | | १७ | १९६।७७ | १७८३३५।५० | | |
| ३ | अस्ना गोलिया | ए | ६ | १२९।१६ | ५१६६४।०० | | |
| ४ | अस्ना गोलिया | बि | ९ | १०२।६८ | ३०८०४।०० | | |
| ५ | अस्ना गोलिया | सि | ३ | २३।०५ | ३२०५।०० | | |
| | जम्मा | | १८ | २५४।८९ | ८५६७३।०० | | |
| ६ | साल दाउरा | | | १(एक)चट्टा | १२०००।०० | १५०००.०० | |
| ७ | अस्ना दाउरा | | | १(एक)चट्टा | ४०००।०० | १५०००.०० | |
| | कुल जम्मा | | ३५ | ४५१।७० | २८०००८।५० | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मितिः २०८१/०६/०२ (ख) समयः आपरान्ह ४:०० बजे सम्म

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मितिः २०८१/०६/०४ (ख) समयः दिँउसो १:०० बजे सम्म

४) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस **श्री शिवशक्ति सा.व.उ.स.गौरीगंगा न.पा.८ कैलालीको श्री लुम्बिनी विकास बैक लिमिटेड मसुरिया शाखामा** रहेको खाता नं.०८७००१२०२७७२८१००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस **श्री शिवशक्ति सा.व.उ.स.गौरीगंगा न.पा.८ कैलालीबाट** खरिद तथा दाखिला गर्न सकिनेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावार गौरीगंगा न.पा.८ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

७) लिलाममा भाग लिन ईच्छुक ब्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०६/०४ गते दिनका ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।

१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं.उल्लेख गर्नु पर्ने छ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।

ईति सम्वत २०८१।०५।१३ गते ५ शूभम्